लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।१०।२०

पत्र : द्वितीय
समय : २ घण्टा ३० मिनेट    पूर्णाङ्क : १००

विषय : सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"**    **५० अङ्क**

१. सार्वजनिक प्रशासनको अवधारणा प्रष्ट पार्दै यसका कार्यहरू उल्लेख गर्नुहोस् ।    २+३=५

२. जनसम्पर्क गर्ने अधिकारीमा हुनुपर्ने गुणहरूको सूची तयार गर्नुहोस् ।    ५

३. अभिलेख व्यवस्थापनको उद्देश्य स्पष्ट गर्दै प्रभावकारी अभिलेख व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने विषयहरू बुँदागत रूपमा लेख्नुहोस् ।    २.५+२.५=५

४. कार्यालयमा जिन्सी व्यवस्थापनको महत्वमाथि प्रकाश पार्नुहोस् ।    ५

५. संगठनको सफलतामा समूह गतिशिलताले के-कस्तो योगदान पुऱ्याउन सक्दछ? वर्णन गर्नुहोस् ।    ५

६. कम्प्युटरको प्रयोगले कार्यालयको दैनिक कार्य सञ्चालनलाई कसरी सहज बनाएको छ? बुँदागत रूपमा लेख्नुहोस् ।    ५

७. सार्वजनिक सेवा प्रवाहको विशेषता केलाउँदै यसलाई थप प्रभावकारी बनाउन के-कस्ता उपायहरू अवलम्बन गर्न आवश्यक छ? मौलिक सुझाव प्रस्तुत गर्नुहोस् ।    ४+६=१०

८. बजेट चक्र भनेको के हो? स्पष्ट गर्दै बजेट तर्जुमा गर्दा के-कस्ता विषयहरूमा ध्यान दिनुपर्दछ? उल्लेख गर्नुहोस् ।    ४+६=१०

**खण्ड "ख"**    **५० अङ्क**

९. हवाई नीति, २०६३ बमोजिम विमानस्थल वर्गीकरण तथा सञ्चालन सम्बन्धी गरिएको व्यवस्था उल्लेख गर्नुहोस् ।    ५

१०. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार प्राधिकरण सञ्चालक समितिको गठन कसरी हुन्छ? लेख्नुहोस् ।    ५

११. नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरूको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ अनुसार कर्मचारीका आचरणहरू उल्लेख गर्नुहोस् ।    ५

१२. नेपाल नागरिक उड्डयन प्राधिकरण आर्थिक प्रशासन सम्बन्धी नियमावलीले समयमा पेश्की फछ्र्यौट नगर्ने उपर के-कस्तो कारवाहीको व्यवस्था गरेको छ? उल्लेख गर्नुहोस् ।    ५

१३. सार्वजनिक खरिद नियमावली, २०६४ मा भएका सोझै खरिद सम्बन्धी व्यवस्थाहरू उल्लेख गर्नुहोस् ।    ५

१४. सूचनाको हक सम्बन्धी ऐन, २०६४ का प्रमुख विशेषताहरू लेख्नुहोस् ।    ५

१५. नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्रको महत्व माथि प्रकाश पार्दै यस क्षेत्रको विकासका लागि के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला? उल्लेख गर्नुहोस् ।    ५+५=१०

१६. नेपालमा भ्रष्टाचार न्यूनीकरणका लागि भएका प्रयासहरूको चर्चा गर्दै भ्रष्टाचार न्यूनीकरणमा नागरिकको भूमिका के-कस्तो हुनुपर्दछ? उदाहरण सहित प्रस्तुत गर्नुहोस् ।    ५+५=१०

:: समाप्त ::